जब कुनै मुस्लिमले मलाई सलाम पठाउँछ, अल्लाहले मेरो आत्मा मलाई फर्काइदिनुहुन्छ, ताकि म उसको सलामको जवाफ दिन सकूँ।

अबू हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "जब कुनै मुस्लिमले मलाई सलाम पठाउँछ, अल्लाहले मेरो आत्मा
मलाई फर्काइदिनुहुन्छ, ताकि म उसको सलामको जवाफ दिन सकूँ।" [यसको सनद हसन हो] [अबू दाउद र अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले हामीलाई भनिरहनुभएको छ, उहाँको आत्मा उहाँको शरीरमा फर्काइन्छ, ताकि उहाँले सलाम गर्ने व्यक्तिलाई जवाफ दिन सकून्, चाहे तिनीहरू टाढा होस् वा नजिक। याद राख्नुहोस्, बरजखको जीवन र चिहान अदृश्य संसारसँग सम्बन्धित छन्, जसको वास्तविकता अल्लाह बाहेक अरू कसैलाई थाहा छैन, उहाँ सबै कुराको लागि सक्षम हुनुहुन्छ।

http://www.sunnah.global/hadeeth/ne/show/6222